वक्तव्य

गृहमन्त्रीले पत्रकार विरूद्ध बोलेको शब्द फिर्ता लिनु पर्छ, माफी माग्नु पर्छ।

गृहमन्त्री सुधन गुरूङले मिति २०८३ भदौ २३ मा दिएको समग्रमा आपत्तिजनक छ । उक्त अभिव्यक्तिमध्ये पत्रकार विरूद्ध प्रयोग गरेको धम्कीपूर्ण शब्दप्रति हामी खेद व्यक्त गर्दछौँ।

देशमा शान्ति सुरक्षा तथा अमनचयन कायम गर्ने प्रमुख जिम्मेवारीमा रहेका र विपद् व्यवस्थापनको अभिभारा बोकेका गृहमन्त्री गुरुङका अराजक शैली र वचनले बेलाबखत मुलुकको शासनप्रणालीको वजन नै घटाएको हामीले अनुभूति गरेका छौँ। गृहमन्त्री चयन तथा उनि माथि लागेका आरोपमा गरिएको 'अनुसन्धान' हामीले शंकाको घेराभित्रै राखेको सन्दर्भमा आम पत्रकारमाथिको गुरुङको आक्रामक टिप्पणीले उनले आफु जिम्मेवारीमा रहेको पद र ओहोदाको मर्यादा, संयम, र गाम्भीर्य नबुझेको हाम्रो अनुभूति छ ।

पत्रकारको प्राथमिक दायित्व राज्यसंयन्त्रमा जिम्मेवारी वहन गरेकामाथि प्रश्न गर्नु र उनीहरुलाई जवाफदेही बनाउनु हो, जुन दायित्व संचारजगतले पञ्चायतकालदेखि नै अनेक कठिनाई, चुनौती र धाक, धम्कीमाझ आफ्नो कर्तव्य पूरा गर्दै आएको छ। फलत: नेपालमा लोकतन्त्र अडेको छ, सुशासनको आधार बनेको छ र भ्रष्टाचार उदाङ्ग पार्नमा सहयोग पुगेको छ ।

अन्योल, त्रासदी र हिंसाको बेलामा संचारकर्मीको तर्कपूर्ण र साहसिक प्रस्तुतिले समाजलाई स्थिर राख्न सघाएको छ । पञ्चायत बिरोधी आन्दोलन होस्, द्वन्द्धकालको समाचार र विचार सम्प्रेषण, नारायणहिटी दरबार हत्याकाण्डको

सेरोफेरोको अन्योल, ज्ञानेन्द्र शाहको 'असोजतन्त्र' लाई जवाफ दिनेदेखि संविधान लेखनका राजनैतिक चुनौतिमाझ गम्भीर विचार सम्प्रेषणसम्म नेपालको संचारजगतले जिम्मेवारपुर्ण भूमिका निर्वाह गरेको छ।

नेपालका पत्रकारहरूले अधिनायकवादी शैली अपनाउने राज्य सञ्चालकहरू यसअघि पनि भोगेका छन् भने समाचार सम्प्रेषणका लागि यस्ता शासकहरुको सामना पनि गरेका छन् । साथै, संचारकर्मीहरुले डर, त्रास र धम्कीका सामु पछि नहटी आम नागरिकहरुलाई सुसुचित गरिरहेका छन्।

मुलुकका जिम्मेवार पत्रकारले आफ्नो आचार संहिता विपरित विना आधार र प्रमाण कसैका वारेमा समाचार सम्प्रेषण र प्रवाह गर्ने छैनन् र गर्नु हुँदैन पनि। विगतमा सुन काण्ड, नक्कली शरणार्थी काण्ड, सहकारी काण्ड जस्ता अनगिन्ति काण्डमा सत्यतथ्य उजागर गर्ने कार्यमा पछि नहटेका पत्रकारहरु गृहमन्त्रीको धम्कीपूर्ण बोलीबाट हतोत्साही हुने छैनन् भन्नेमा हामी बिश्वस्त छौं।

अन्त्यमा हामी सबै माध्यमका संचारकर्मीहरुलाई समाचार सम्प्रेषण र प्रवाहको दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्न आव्हान गर्दछौँ। साथै, गृह मन्त्री गुरुङलाई पत्रकार लक्षित धम्किपूर्ण शब्द फिर्ता लिन र सार्वजनिक रूपमा माफी माग्न पनि आग्रह गर्दछौँ ।

हस्ताक्षरकर्ताहरुः

सुबोध प्याकुरेल, मानव अधिकारकर्मी

सुशिल प्याकुरेल, पूर्व आयुक्त राष्टिय मानव अधिकार आयोग

अभिषेक अधिकारी, युवा अभिन्यता

शोभाकर बुढाथोकी, मानव अधिकारकर्मी

बरिष्ठ अधिवक्त दिनेश त्रिपाठी

श्याम कुमारी साह, महिला अधिकारकर्मी

सोम निरौला, मानव अधिकारकर्मी